# कमला नगरपालिका
Kamala Municipality
# नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
माची भिटकहिया, धनुषा
Machi Jhithahiya, Dhanusha

पत्र संख्या/Ref No:- ०८१/८२
चलानी नं./Dispatch No:-

मधेश प्रदेश, नेपाल
Madhesh province, Nepal

**नगर प्रहरी सेवा करारमा लिने सम्बन्धी सूचना !**

**प्रथम पटक प्रकाशित मिति : २०८१।१०।१३ गते**

यस कार्यालयको लागि तपशिल बमोजिमको नगर प्रहरी कर्मचारीहरु करार सेवामा लिनु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.सं | बिज्ञापन नं. | पद | माग पद संख्या |
|---|---|---|---|
| १ | ०१/०८१/०८२ | नगर प्रहरी सहायक निरीक्षक | १ (एक) |
| २ | ०२/०८१/०८२ | नगर प्रहरी हवल्दार | १ (एक) |
| ३ | ०३/०८१/०८२ | नगर प्रहरी जवान (पुरुष) | ३ (तिन) |
| ४. | ०४/०८१/०८२ | नगर प्रहरी जवान (महिला) | २ (दुई) |

विस्तृत जानकारीको लागि नगरपालिकाको वेबसाइट www.kamalamun.gov.np मा प्रकाशित सूचना हेर्नुहोला ।

प्रमुख प्रशासकीय अधिकृत

सन्तोष कुमार मिश्र
प्रमुख प्रशासकीय अधिकृत

# कमला नगरपालिका
Kamala Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
माँची झिटकहिया, धनुषा
Machi Jhitkahiya, Dhanusha


पत्र संख्या/Ref No:- ०८१/८२
चलानी नं./Dispatch No:-

मधेश प्रदेश, नेपाल
Madhesh province, Nepal

**नगर प्रहरी सेवा करारमा लिने सम्बन्धी सूचना ।**
**प्रथम पटक प्रकाशित मिति: २०८१/१०/१३ गते**

यस कार्यालयको लागि तपशिल बमोजिमको नगर प्रहरी कर्मचारीहरु करार सेवामा लिनु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा राजश्व तिरेको रसिद सहित तोकिएको सम्पूर्ण कागजात संलग्न गरि दरखास्त दिनुहुन मिति: २०८१/१०/११ गतेको पदपूर्ति समितिको निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । आवेदन फाराम तथा पाठ्यक्रम यस कमला नगरपालिकाको कार्यालय र वेबसाइट www.kamalamun.gov.np बाट डाउनलोड गर्न सकिने छ ।

तपशिल

| क्र.सं | बिज्ञापन नं. | पद | माग पद संख्या |
|---|---|---|---|
| १ | ०१/०८१/०८२ | नगर प्रहरी सहायक निरीक्षक | १(एक) |
| २ | ०२/०८१/०८२ | नगर प्रहरी हवल्दार | १(एक) |
| ३ | ०३/०८१/०८२ | नगर प्रहरी जवान(पुरुष) | ३(तिन) |
| ४. | ०४/०८१/०८२ | नगर प्रहरी जवान(महिला) | २(दुई) |

१. **आवश्यक न्यूनतम योग्यताहरु:-**

क) शैक्षिक योग्यता : नगर प्रहरी सहायक निरीक्षकको हक मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाणपत्र (+२) उतिर्ण हुनुपर्ने र अन्यको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सि. /एस.ई.ई. वा सो सरह उत्तिर्ण । (भू.पू. सैनिक तथा प्रहरीको हकमा न्यूनतम शैक्षिक योग्यता लागू हुने छैन ।)

ख) नेपाली नागरिक ।

ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

घ) कुनै राजनितिक पार्टीको सदस्यता नलिएको ।

ङ) अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको ।

च) भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरि बरखास्त नभएको ।

छ) उचाई, छाती र तौल:

१) पुरुष-उचाई घटिमा ५फिट २ ईन्च, छाति नफुलाउदा घटीमा ३१ ईन्च र फुलाउदा ३३ ईन्च, तौल न्युन्तम ५० केजी ।

(२) महिला-उचाई घटिमा ५ फिट, तौल न्यून्तम ४२ केजी ।

ज) आखाँ माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

२. **दरखास्त साथ समावेश गर्नुपर्ने कागजातहरु :-**

क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी १ प्रती ।

ख) शैक्षिक योग्यताको प्रमाण पत्र (प्रत्येक तहको लाब्धांक, चारित्रिक, स्थायी वा प्रोभिजनल प्रमाणपत्र) को प्रतिलिपी १/१ प्रति ।

ग) सम्बन्धित ईलाका प्रहरी कार्यालय वा वडा प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्रको सक्कल प्रति ।

घ) हालसालै खिचिएको दुवै कान देखिने पासपोर्ट साईजको फोटो ५ प्रति ।

ङ) अनुभवको प्रमाणपत्र । (सुरक्षा निकायमा सेवारतको हकमा )

च) हालको स्थायी ठेगाना खुल्ने कागजात १ प्रति ।

मिश्र
प्रमुख प्रशासकीय अधिकृत


Email:kamala.municipality@gmail.com/URL:-Kamalamun.gov.np
सम्पर्क:नगर प्रमुख:९८५४०२३१०१,नगर उप प्रमुख ९८५४०२३१०२,प्रमुख प्रशासकीय अधिकृत ९८५४०२९०६३


CamScanner

पत्र संख्या/Ref No:- ०८१/८२
चलानी नं./Dispatch No:-

छ) स्वीकृत चिकित्सकबाट प्रमाणित निरोगिताको प्रमाणपत्र ।

३. उमेर:-

१) नगर प्रहरी सहायक निरीक्षक र नगर प्रहरी हवल्दारको हकमा दरखास्त भर्ने अन्तिम मितिमा १८ वर्ष उमेर पुरा भई २५ वर्ष ननाघेको र नगर प्रहरी जवानको लागि १८ वर्ष पुरा भई २३ वर्ष उमेर ननाघेको।

२) सुरक्षा अंगहरुमा काम गरेका भू.पु. सैनिक र प्रहरीहरुका लागि दरखास्त दिने अन्तिम मिति सम्म ४५ वर्ष उमेर ननाघेको हुनु पर्नेछ ।

ग) उल्लेखित सम्पूर्ण पदहरुमा सुरक्षा अंगहरुमा काम गरिसकेका व्यक्तिहरुलाई प्राथमिकता दिईने छ ।

४. दरखास्त दस्तुर:-

क) नगर प्रहरी सहायक निरीक्षकको लागि रु.७००। (सात सय मात्र), नगर प्रहरी हबल्दारको लागि रु ५००। (पाँच सय मात्र) र नगर प्रहरी जवानका लागि रु ४००। (चार सय मात्र) उक्त दस्तुर एन.आई.सि.एसिया बैंकको सघारा शाखा स्थित आन्तरिक राजश्व खाता नं.~~[illegible]~~ N2CA000506222403 मा जम्मा गर्नुपर्ने छ ।)

५. दरखास्त बुझाउने स्थान:- कमला नगरपालिका नगर कार्यपालिकाको कार्यालय, माचि भिटकहिया, धनुषा । (उम्मेदवार स्वंम उपस्थित भई दरखास्त फाराम बुझाउनु पर्ने छ र अनलाईन आवेदन लिईने छैन ।)

६. दरखास्त दिने अन्तिम मिति:- २०८१ माघ २८ गते कार्यालय समय भित्र र अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट समेत आवेदन दिन सकिने छ ।

७. सेवा सुविधा:- सम्झौता बमोजिम ।

८. परिक्षाको मिति:- पछि प्रकाशन गरिने छ ।

९. परिक्षाको किसिम:-

क) प्रारम्भिक स्वास्थ्य परिक्षण/शारीरिक तन्दुरुस्ती परिक्षा ।

ख) विस्तृत स्वास्थ्य परिक्षण परिक्षा ।

ग) लिखित परिक्षा ।(लिखित परिक्षाको पाठ्यक्रम नेपाल प्रहरीको सम्बद्ध पदको लागि तोकिएको सरह हुनेछ ।)

घ) अन्तर्वार्ता ।

१०. करार अवधि:- २०८२ असाढ मसान्त सम्म ।

११. कमला नगरपालिकाको न.पा. क्षेत्रभित्रका उम्मेदवारलाई विशेष ग्राहयता प्रदान गरिने छ ।

१२. पदमा रही गर्नुपर्ने कामको विवरण:- सेवासँग सम्बन्धित ~~ऐन~~ मा तोकिएको काम ।

१३. अन्य कुरा कमला नगरपालिकाको नगर प्रहरी ऐन, २०८१ र प्रचलित कानून बमोजिम हुनेछ ।

**पुनश्च:**

- हरेक चरणको परिक्षा समाप्ति पछि नतिजा प्रकाशन गरिने छ र उत्तिर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परिक्षामा सम्मिलित गराईने छ ।

द्रष्टव्य: अन्य आवश्यक जानकारीको लागि कार्यालय समयमा नगरपालिकाको कार्यालयमा सम्पर्क गर्नुहोला ।
सम्पर्क नं ९८५४०२९०६३, ९८४४१०७९१७

रकम जम्मा गर्ने खाता नं.: N2CA000506222403

प्रमुख प्रशासकीय अधिकृत